नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४५११७७६
Ext: १००९
फ्याक्सः ०१-४५१४३९१

पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या:१-०१-१८-२०८१/०८२
प्रा.प.सं. :

मिति: २०८१/०५/२७ गते।
ने.सं.: ११४४ ञलाथ्व ९, बिहीबार

# प्रेस विज्ञप्ती-१०

## "अभौतिक (Crypto) मुद्रा कारोबार" मा संलग्न तीन (३) बिदेशी नागरिक सहित ५० जना पक्राउ !!!

विदेशी नागरिकहरुले नेपालीहरुको समेत मिलेमतोमा जिल्ला ललितपुर महानगरपालिका वडा न. १३ एकान्तकुना, एकतावस्ती स्थित जगदिश उपाध्यायको तीन तले घर भाडामा लिई Call Center संचालन गरी नेपाली युवा युवतीलाई धैरै रकम आम्दानी हुने प्रलोभन देखाई गैरकानुनी रुपमा काममा लगाई रहेको भन्ने बिशेष सुचनाको आधारमा यस केन्द्रिय अनुसन्धान ब्यूरोबाट मिति २०८१/०५/२६ गते खटी गएको प्रहरी टोलीले तीन जना विदेशी नागरिकहरु सहित जम्मा ५० जना व्यक्तिहरुलाई Call Center मा प्रयोग गरिएका कम्प्यूटर, मोबाईल लगायतका ईलेक्ट्रोनिक्स उपकरणहरु सहित नियन्त्रणमा लिईएको। प्रारम्भिक अनुसन्धानको क्रममा सो कल सेन्टरबाट Hingee, Bumble, Muslima, Inshaaaah, Salam, Muzz, Okcupid, Alkhattba लगायतका Dating apps हरुमा बिदेशी महिलाको फोटो Profile picture को रुपमा प्रयोग गरी युरोप, अमेरिका र क्यानडा लगायतका विभिन्न देशहरुका पुरुष ब्यक्तिहरुलाई साथी बनाई घनिष्ट मित्रता कायम गरी Online Platform Hashpack मार्फत Binance, Trust Wallet लगायतका बिभिन्न Digital Wallet हरुमा अमेरिकी डलर जम्मा गरि सो मार्फत गैरकानुनी अभौतिक मुद्रा (Crypto Currency) मा लगानी तथा सो को कारोबार जस्ता क्रियाकलाप संचालन गर्ने गरेको खुल्न आएको। पक्राउ गरिएका विदेशी नागरिक सहितका नेपाली व्यक्तिहरु केही समय अगाडी संयुक्त अरब ईमिरेट्स (Dubai) मा सोही प्रकृतिको कारोबारमा संलग्न भएको अभियोगमा पक्राउ परी सम्बन्धित देशहरुमा फिर्ता (Deport) भएकोमा पुन: नेपालमा एकतृत भई कल सेन्टर खोली अभौतिक मुद्रा (Crypto) को कारोबार गरेको। प्रारम्भिक अनुसन्धान पश्चात घटनामा संलग्न मुख्य ८ (३ विदेशी र ५ नेपाली नागरिक) जना उपर **"मुलुकी अपराध संहिता, २०७४ (संशोधन सहित) परिच्छेद ७ (क) दफा २६२ (क) 'अभौतिक मुद्राको प्रयोग गर्न नहुने'** सम्बन्धि कसुर अन्तर्गत मुद्धा दर्ता गरी सम्मानित ललितपुर जिल्ला अदालतबाट दिन १० को म्याद थप भई अनुसन्धान भईरहेको। पक्राउ गरिएका अन्य ४२ जना व्यक्तिहरु को हकमा हाजिर जमानीमा राखी अनुसन्धान भईरहेको।

उल्लिखित अभौतिक (Crypto) मुद्रा कारोबार गर्ने तथा गराउनेलाई निरुत्साहित गर्नका लागि सम्बन्धित निकायमा जानकारी गराउनु सर्वसाध◌ारण नागरिकको कर्तव्य पनि हो। त्यसैले विदेशमा वा नेपाल सरहद भित्र रही उल्लिखित अभौतिक (Crypto) मुद्रा कारोबारमा संलग्न रहेको पाइएमा संलग्नहरू उपर मुलुकी अपराध संहिता,२०७४ लगायत प्रचलित कानूनबमोजिम कारबाही हुन सक्ने भएकोले बैदेशिक रोजगार तथा अध्ययनको सिलसिला एवम् विदेशमा स्थायी रूपमा बसोबास गरेका नेपाली नागरिकका नेपालमा रहेका आफन्तले यस कार्यालयमा जानकारी दिन हुन सर्वसाधारण सबैमा अनुरोध गरिएको छ। साथै त्यस्तो अवैध प्रक्रियाको हिस्सेदारी नबन्न, सम्पुर्ण युवा वर्ग, सम्पुर्ण घर जग्गा बहालमा लगाउने घर

तथा जग्गा धनिहरुलाई घर भाडामा लगाउँदा प्रचलित ऐन नियम बमोजिम प्रक्रिया पुरा भए नभएको सुनिश्चितता समेत गर्न सम्पुर्ण सर्वसाधारणमा हार्दिक अपिल गर्दछौं ।

**सम्मानित अदालतबाट म्याद थप भई अनुसन्धान भईरहेका प्रतिवादीहरु:-**

| सि.न. | नामथर | ठेगाना | राष्ट्रियता | जिम्मेवारी | फोटो |
|---|---|---|---|---|---|
| १. | DING JIAHONG | Fujian | Chinese | संचालक |  |
| २. | LIN QINGJIN | Fujian | Chinese | संचालक |  |
| ३. | HANIPA SINSUAT | APAYAR, Phillipines | Filipino | भाषा सहयोगी एवं अनुवादक |  |
| ४. | कमल कँडेल | जि. रौतहट च. पुर न.पा. ८ | नेपाली | ग्रुप लिडर |  |
| ५. | संदिप आचार्य | जि. इलाम सुर्योदय न.पा. १३ | नेपाली | ग्रुप लिडर |  |
| ६. | सुजन प्रधान | जि. झापा कमल गा.पा ३ | नेपाली | ग्रुप लिडर |  |
| ७. | बिजय बहादुर गिरी | जि. सुनसरी ईटहरी उ.म.न.पा. २ | नेपाली | ग्रुप लिडर |  |
| ८. | सुदिप अधिकारी | जि. नवलपरासी बर्दघाट न.पा. १३ | नेपाली | घर बहाल सम्झौताको दोस्रो पक्ष |  |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्युरो

**बरामद दशीका प्रमाणहरु:-**

1. कम्प्युटर ५५ थान
2. मोबाईल १९४ थान
3. ल्यापटप ४ थान
4. विदेशी पासपोर्ट ४ थान
5. विभिन्न देशका विदेशी मुद्रा (थाईभाट -५६,६००, American US डलर-१२३, Tanjanaian siling-10,000, Chinese yuan- 100, UAE दिराम-795, Turkish Lira-170, नेपाली रुपैयाँ १,६२,५००/- )

**प्रहरी उपरीक्षक**
**(होबिन्द्र बोगटी)**
**प्रवक्ता एवं सूचना अधिकारी**
**सम्पर्क नं.: ९८५१२९१३११**